# पाठ २: पात्रहरुलाई नाच्न लगाऔं

## पाठको अन्त्यसम्ममा विद्यार्थीहरुले यी कुरा गर्न सक्ने छन्

✓ स्क्र्याचमा भएका कोडिङ ब्लकहरूको प्रयोग
✓ नृत्यका सरल एनिमेशन बनाउन
✓ आफ्ना परियोजनाहरू साझा गर्नु र साथीहरूका परियोजनाहरू हेर्न

## कक्षा भन्दा अघि गर्नु पर्ने तयारी

✓ विद्यार्थी गाइडलाई ध्यानपूर्वक पढ्नुहोस् र त्यहाँ दिईएका क्रियाकालापहरू आफैले गरेर हेर्नुहोस्।
✓ स्क्र्याचमा [शिक्षक अकाउन्ट] खोल्नुहोस्। आफ्नो कक्षा र विद्यार्थी अकाउन्टहरु बनाउनुहोस्। दुई विद्यार्थीहरूका लागी एउटा अकाउन्ट चाहिन्छ। (उदाहरण: तपाईंलाई २० विद्यार्थीहरूको लागि १० अकाउन्ट आवश्यक पर्छन्।) विस्तृत जानकारीका लागी [यो भिडियो] हेर्नुहोस्।
✓ कक्षा अघि विद्यार्थी अकाउन्टहरु सक्रिय गर्नुहोस्। अकाउन्ट सक्रिय गर्न युजरनेम र पासवर्ड प्रयोग गरेर साइन-इन गर्नुहोस् र स्क्र्याचले मागेका केही जानकारी भर्नुहोस्। प्रत्येक अकाउन्टको युजरनेम र पासवर्डको सूची बनाउनुहोस्।
✓ पाठ्य योजनालाई ध्यानपूर्वक पढ्नुहोस् र भित्र लिंक गरिएका भिडियोहरू हेर्नुहोस्। यी भिडियोहरू शिक्षकहरूलाई यी पाठहरू सञ्चालन गर्ने क्रममा स्क्र्याच सिक्न मद्दत गर्ने उद्देश्यले बनाइएका हुन्।

नोट: विद्यार्थीहरूलाई प्राय: अकाउन्ट सक्रिय गर्न कठिनाइ हुने गर्छ। कक्षामा यो कार्य गर्दा समय लिने भएकाले केही सहकर्मी शिक्षक वा ठूला विद्यार्थीहरूको सहयोग लिएर ती अकाउन्टहरूलाई कक्षा अघि नै सक्रिय गर्दा राम्रो हुन्छ।

## 0. विद्यार्थी गाइड खोलौं (५ मिनेट)

- ✓ विद्यार्थीहरूलाई एड्रेस बारमा यो छोटो URL टाइप गरेर **एन्टर (Enter)** थिच्न भन्नुहोस्: cd8.notion.site यस पेजमा विद्यार्थी गाइडका सबै पाठहरू उपलब्ध छन्।

यस वेबपेजमा विद्यार्थी गाइडका सबै पाठहरू उपलब्ध छन्।

नोट: विद्यार्थीहरूले प्राय: URL टाइप गर्दा त्रुटिहरू गर्ने गर्छन; जस्तै अक्षरहरु बिच ठाउँ(space) छोड्ने र एड्रेस बारको सट्टा गुगल सर्च बारमा टाइप गर्ने।

- ✓ विद्यार्थीहरूले देख्ने गरी सेतो पाटीमा URL लेख्नुहोस्।
- ✓ तपाईँका केही सहकर्मी शिक्षक वा इन्टरनेट चलाउन जान्ने विद्यार्थीहरूलाई पाठको यस भागमा उपस्थित भई विद्यार्थीहरुलाई सहयोग गर्न आग्रह गर्नुहोस्।

## 1. तयारी गर्नौं (१५ मिनेट)

**स्क्र्याच अकाउन्टमा साइन-इन(प्रवेश)**

विद्यार्थीहरूलाई दोस्रो पाठको गाइड खोल्न भन्नुहोस्। गाइडको **पाठका लागी तयारी गर्नौं** खण्ड पढ्न र दिईएका निर्देशन पालना गर्न भन्नुहोस्। विद्यार्थीहरूले स्क्र्याच अकाउन्टमा साइन-इन गर्दा प्राय: सामना गर्ने चुनौतीहरू यी हुन्:

✓ पासवर्ड टाइप गर्दा हुने गल्तीहरू

✓ CAPTCHA पास गर्न कठिनाई

नोट: विद्यार्थीहरूलाई साइन-इन गर्न र CAPTCHA सम्बन्धि मद्दत गर्नका लागी तपाईंका केही सहकर्मी शिक्षकहरू अथवा ठूला विद्यार्थीहरूलाई पाठको पहिलो २० मिनेटको लागि उपस्थित हुन भन्नुहोस्।

**अधिक स्पष्टता भएका ब्लकहरूको प्रयोग गर्न भन्नुहोस्**

विद्यालयको कम्प्युटर प्रयोगशालामा प्रयोग गरिने धैरैजसो मनिटरहरूको गुणस्तर राम्रो हुँदैन। यस्ता मनिटरहरूमा स्क्र्याचमा स्वत: हुने सेता अक्षर भएका ब्लकहरू पढ्दा आँखामा बढी तनाव पर्छ। काला अक्षर भएका अधिक स्पष्टता भएका(high contrast) ब्लकहरू पढ्न धैरै सजिलो हुन्छ।

**विद्यार्थीहरूलाई ब्लकहरू चलाएर हेर्न भन्नुहोस्**

यस खण्डको अन्त्यमा केही ब्लकका चित्र छन्। विद्यार्थीहरूलाई निर्देशनहरूको सहयोग लिँदै यी ब्लकहरूसँग खेल्न भन्नुहोस्। स्क्र्याच ब्लकहरूका बारेमा थप जान्नका लागी यी भिडियो हेर्नुहोस्:

✓ Scratch 3.0 - Blocks

✓ 04. Scratch - Block Shapes

## 2. केही उदाहरणहरूसँग खेलेर हेरौं (१५ मिनेट)


विद्यार्थीहरूलाई गाइडको **केही उदाहरणहरूसँग खेलेर हेरौं** खण्ड (पृष्ठ ४ सम्म) पढ्न भन्नुहोस्। विद्यार्थीहरूले दिईएका दुईवटा प्रोजेक्ट मध्ये कुनै एकसँग खेल्न सक्छन्। उनीहरूलाई यी प्रोजेक्टहरुलाई Remix गरी केही कुरा परिवर्तन गर्न र त्यसको नतिजा हेर्न भन्नुहोस्। प्रोजेक्टलाई केही फरक बनाउन प्रेरित गर्नुहोस्।

यस पाठमा भएका कोडिङ सम्बन्धि विषयहरूका बारेमा जान्न यी भिडियोहरू हेर्नुहोस्:

- ✓ Coding
- ✓ Sequencing
- ✓ Looping

यदि केही विद्यार्थीले आफूले छानेको प्रोजेक्टमा काम गरी भ्याए भने उनीहरूलाई अर्को उदाहरणसँग पनि खेल्न भन्नुहोस्। केही विद्यार्थीहरूले दिइएको १५ मिनेटमा कुनै एक उदहारणसँग काम गरेर नभ्याउन सक्छन्। ठीक छ, यसमा कुनै समस्या छैन। विद्यार्थीहरूले आफ्नो नृत्य एनिमेशनहरूमा काम गर्दै गर्दा यी प्रोजेक्टको पुनः अध्ययन गर्न सक्छन्।

नोट: केही विद्यार्थीहरूलाई यी प्रोजेक्ट खोलिसकेपछि फेरी विद्यार्थी गाइडमा फिर्ता जाने तरिका थाहा नहुन सक्छ। उनीहरूलाई ब्राउजरको माथिल्लो बायाँ भागमा रहेको ब्याक(back) बटनमा क्लिक गर्नुपर्नेछ भन



## 3. स्प्राइटहरुलाई नचाऔँ (४५ मिनेट)

विद्यार्थीहरूलाई गाइडको **केही स्प्राइटलाई नाच्न सिकाऔँ** खण्ड पढ्न भन्नुहोस्। दिइएका निर्देशन र सुझाव अनुसार काम गर्न भन्नुहोस्। केही विद्यार्थीहरूले गाइड राम्रोसँग नपढ्न सक्छन् र तपाईंलाई सहयोगको लागि सोध्न सक्छन्। उनीहरूलाई गाइडमा हेर्नका लागी उचित ठाउँ औंल्याईदिनुहोस्। गाइडमा दिईएका सुझाव विद्यार्थीले बुझ्न नसकेको अवस्थामा संक्षेपमा वर्णन गर्नुहोस् तर समाधान नदिनुहोस्।

विद्यार्थीहरूलाई आफ्ना इच्छाअनुसार नृत्य एनिमेशनहरू बनाउन दिनुहोस्। उनीहरूलाई सिर्जनशील हुन र आफूले चाहे अनुसारको नृत्यका चालहरू चयन गर्न प्रेरित गर्नुहोस्। यस विडियोले नृत्य एनिमेसनहरू सिर्जना गर्ने प्रक्रियाबारे विस्तारमा बताउँछः [dance party tutorial]

यदि कम्प्युटरहरूमा स्पिकर छन् भने विद्यार्थीहरूले आफ्नो नृत्य एनिमेसनहरूमा ध्वनिको प्रयोग पनि गर्न सक्छन्। थप जानकारीका लागि यो भिडियो हेर्नुहोस्: [Using sound in Scratch]

कस्ट्युम बदल्नु एनिमेसनका लागी अत्यन्त महत्वपूर्ण हुन्छ। कस्ट्युम कसरी काम गर्छन् भनेर बुझ्नका लागी यी विडियो हेर्नुहोस्: [Understanding costumes] र [next costume block]

केही विद्यार्थीहरूले आफ्नो काम आफ्ना साथीले भन्दा पहिले समाप्त गर्छन्।ती विद्यार्थीहरूलाई **गर्नका लागी थप रमाइला कुरा** खण्डमा दिईएका काम गर्न भन्नुहोस्।

नोट: विद्यार्थीहरूलाई आफ्नो प्रोजेक्ट घरिघरि सेभ गर्न सम्झाउनुहोस्। अचानक विद्युत अवरोध हुँदा सेभ नगरिएको काम हराउन सक्छ।

## 4. गर्नका लागी थप रमाइला कुरा (अतिरिक्त क्रियाकलाप)

विद्यार्थीहरूलाई **गर्नका लागी थप रमाइला कुरा** खण्ड पढ्न आग्रह गर्नुहोस्। उनीहरूलाई निर्देशनहरू पालना गर्न, आफ्ना प्रोजेक्टहरू साझा गर्न, र साथीहरुको प्रोजेक्ट हेर्न भन्नुहोस्। विद्यार्थीहरूलाई एक-अर्काका परियोजनाहरूमा कमेन्ट गर्न प्रोत्साहित गर्नुहोस्। कमेन्ट गर्दा नम्र र सहयोगी हुन सम्झाउनुहोस्।

## 5. फर्केर हेरौँ (१० मिनेट)

विद्यार्थीहरूलाई गाइडको **आजको पाठलाई फर्केर हेरौँ** खण्ड पढ्न भन्नुहोस्। चिन्तनका लागी दुईवटा प्रश्नहरू दिइएका छन्। उनीहरूलाई यी प्रश्नहरूमा सोच्न र आफ्नो समूहको साथीसँग छलफल गर्न भन्नुहोस्। उनीहरूलाई आफ्ना विचारहरू नोट गर्न कलम र कागज उपलब्ध गराउँदा उपयोगी हुनेछ।

विद्यार्थीहरू जानुअघि उनीहरूलाई आफ्ना विचार आफ्नो समूहको साथी बाहेक दुई अन्य विद्यार्थीहरूसँग साझा गर्न भन्नुहोस्।